नेपाल छन्त्याल संघ

केन्द्रीय समिति, काठमाण्डौको
बार्षिक कार्ययोजना तथा
आर्थिक संकलन प्रस्तावना

सरलो ।।।

हाम्रा कुल, भूमे, जलदेवता, देवी, देउतीनी, सिद्धशिकारी, खानीमण्डलीलगायत पुर्खौंदेखि मान्दै र पुज्दै आएका ज्ञात अज्ञात देवी देवताहरूले सम्पूर्ण छन्त्यालहरूको रक्षा गरून् । देशमा सहअस्तित्व, सहिष्णुता, सद्भाव र शान्ति कायम होस् । समदृ र प्रगतिको ढोका खुलोस् । छन्त्याललगायत समग्र आदिवासी जनजातिको पहिचान र अधिकारको उत्कट चाहना पुरा होस् भन्ने कामनासहित छन्त्याल सभ्यताको विकासमा योगदान दिने सबै पुर्खाप्रति श्रद्धा अर्पण गर्दै, सभ्यतालाई जिवन्त राख्ने र नेपाल छन्त्याल संघको स्थापनादेखि हालसम्म योगदान पुऱ्याउने सबै अग्रज, विभिन्न तहको समितिमा रहनुभएका पदाधिकारी र सदस्य, सहकर्मी मित्रहरु एवम् सम्पूर्ण छन्त्याल दाजुभाइ दिदीबहिनीहरूप्रति आभार प्रकट गर्दै, जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, सांस्कृतिक, पहिचान र अधिकारलगायत सबैखाले विभेद उत्पीडनको अन्त्य, राष्ट्रिय स्वाधिनताको रक्षाका लागि शहादत प्राप्त सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति शब्दसुमन सहितको हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं । देशदेखि विदेशसम्मको प्रतिनिधिमूलक साझा संस्था नेपाल छन्त्याल संघ, केन्द्रीय समितिको आगामी १ बर्षको कार्ययोजना सफल गर्ने मूल उद्धेश्यसहित यो प्रस्तावना तयार पारिएको स्मरण गराउन चाहन्छु ।

१. पृष्ठभूमि

बहुआयामिकता, सामाजिक-सांस्कृतिक बहुलता, भाषिक र भौगोलिक विविधता नेपालको विशेषता हो । नेपालमा मुख्यतः 'इन्डो आर्यन वा ककेसई', 'मङ्गोलई', 'द्रविड' नश्ल/वंशजका मानव समुदायहरूको बसोबास रहेको छ भने 'भारोपेली', 'भोट-बर्मेली', 'द्रविड', 'मुन्डा/आग्नेय' र 'कुसुन्डा' भाषा परिवारका वक्ताहरु रहेका छन् । बहुसांस्कृतिक, बहुभाषिक, बहुजातीय, बहुधार्मिक विविधताले भरिएको नेपालमा विगतदेखि वर्तमानसम्म सांस्कृतिक, भाषिक, जातीय, धार्मिक, लैङ्गिक, क्षेत्रीय विभेद कायम छ । सबै संस्कृति, भाषा, धर्म, जाति, लिङ्ग र क्षेत्रका नागरिकहरु राज्यको हरेक अङ्ग र अवसरहरूमा समान सहभागी हुनुपर्नेमा त्यस्तो हुन सकेको छैन । बहुलता र विविधतालाई स्वीकार गरिए पनि राज्य एकल भाषा, संस्कृति, धर्म, जाति, समुदायको आधारमा चलिरेहेको छ । राज्यको परम्परागत सोच, संरचना र प्रणालीमा तात्विक परिवर्तन हुन सकेको छैन । विगतदेखि वर्तमानसम्म विभेदका स्वरूपहरु प्रायः उस्तै र केही मात्रामा भिन्न रूपमा रहेका छन् । जसले गर्दा यहाँका आदिवासी जनजाति, मेधसी, महिला र विकट क्षेत्रका समुदायसँगै छन्त्याल जाति बहिष्करण र विभेदका शिकार बनेका छन् । यी विभेद र असमानताको अन्त्य गर्न, छन्त्याल जातिको हक अधिकार स्थापित गर्न, छन्त्यालहरूबीच एकता कायम गर्न, भाषा, संस्कृति, धर्म र जातिको पहिचान जोगाउन सङ्घर्ष गर्नुपर्ने अवस्था रहेको छ ।

मौलिक इतिहास, संस्कृति, भाषा, धर्म, प्रथापरम्परा, रीतिरिवाज, जीवनपद्धति र मूल्य मान्यतासहित आफ्नो ऐतिहासिक थातथलो भएको अल्पसङ्ख्यक आदिवासी जनजाति हो, छन्त्याल । नेपाल सरकार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ अनुसार छन्त्याल नेपालका सूचिकृत ५९ आदिवासी जनजातिमध्ये अल्पसङ्ख्यक तथा सरकारी मानवीय विकास सूचाङ्क-२०५८ को आधारमा नेपाल आदिवासी जनजाति महासंघद्वारा वर्गीकृत 'सुविधा वञ्चित समूह'मा पर्दछ । छन्त्यालहरूले इतिहासको लामो कालखण्डदेखि धौलागिरि हिमालको पूर्व-दक्षिण-पश्चिम भू-भागमा आवाद गरेर तामा खानी खन्ने र कृषि तथा पशुपालन पेसा अङ्गालेर राष्ट्र-राज्य निर्माणमा योगदान पुऱ्याउँदै आएका छन् । छन्त्यालहरूको आदिम थातथलो पश्चिम नेपालको धौलागिरि हिमालको पूर्व-दक्षिण-पश्चिम र काली गणडकी नदी क्षेत्र तथा उपत्यकाको भूभाग भएको देखिन्छ ।

छन्त्याल जाति र तामा खानीबीच ऐतिहासिक सम्बन्ध रहेको छ । प्राचीन समयदेखि विसं १९८१ सम्म खानी पेसा सञ्चालन गरेका छन्त्यालहरूको बस्तीहरूमा अहिले पनि तामा खानी खनेका/चलाएका सुरूङ (खानीको दुलो)का अवशेषहरु पहिचान झल्काउने गरी अद्यापि जीवित छन् । छन्त्याल जातिको आफ्नो छुट्टै मौलिक संस्कृति, भाषा, धर्म, परम्परा, चालचलन, रीतिरिवाज, जीवनपद्धति रहेका छन् । जसले जातिको इतिहास, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक विषयवस्तुमाथि गहिराइमा पुग्न आधार तयार पार्दछ ।

छन्त्याल जातिमा १२ वटा थरहरु रहेका छन् । जसमा घरब्जा, तथप्जा, भलञ्जा, पोत्लाङ्गे, पुराने, डाँडामारे, घ्याप्चन, सिङ्गे, घर्ती, झिङ्राजा, खड्का र बुढाथोकी पर्दछन् । छन्त्याल भाषा भोट-बर्मेली परिवारमा पर्दछ । बागलुङ र म्याग्दी जिल्लाका क्षेत्र/इलाकाहरु मूल थातथलो भएता पनि सन् २०११ को जनगणनाअनुसार छन्त्यालहरु ४३ जिल्लाहरूमा रहेको देखिन्छ । छन्त्यालको जनसङ्ख्या ६,५६५ महिला र ५,२४५ पुरूष गरी कुल ११,८१० रहेका छन् । जसमध्ये बागलुङमा ३,९७८ (३५.४१) र म्याग्दीमा ३,८८९ (३४.६१) गरी कुल ७,८६७ (७०.०२)को सङ्ख्यामा दुईवटा जिल्लामा मात्र बसोबास गर्दछन् । छन्त्याल भाषा बोल्ने वक्ताको सङ्ख्या महिला २,४५८ र पुरूष १,८२५ गरी ४,२८३ (३६.२७) रहेका छन् । सन् २०११ को तथ्याङ्क अनुसार नेपालको साक्षरता प्रतिशत ६५.९ रहको छ भने यस जातिको साक्षरता प्रतिशत ७२.७ रहेको छ ।

देशदेखि विदेशसम्मका सम्पूर्ण छन्त्यालहरूको एक मात्र प्रतिनिधिमूलक साझा संस्थाको रूपमा **नेपाल छन्त्याल संघ** स्थापित भएको कुरा इतिहास साक्षी छ । यस संघको संस्थागत विकासक्रमको गौरवमय इतिहास सम्वत् २०३० को दशकमा थालनी भएको हो । 'छन्त्याल जाति हित समिति' (सम्वत् २०३६) हुँदै जातीय पहिचान, उत्थान, विकास र हितका निम्ति सम्वत् २०४३ मा काठमाडौं उपत्यकामा अस्थायी र स्थायी बसोबास गर्ने छन्त्यालहरूको सक्रियतामा 'छन्त्याल परिवार संघ'को स्थापना भएको थियो । सम्वत् २०५२ को पहिलो महाधिवेशनपश्चात् 'छन्त्याल परिवार संघ'लाई परिवर्तत गरी 'नेपाल छन्त्याल संघ' नामाकरण गरियो । संघ आफ्नो स्थापनाकालदेखि छन्त्यालसँग सम्बन्धित विषयवस्तुहरूको अलवा आदिवासी जनजाति आन्दोलनले उठाएका मुद्धाहरूलाई आत्मसात गरी निरन्तर क्रिशाशील छ ।

'छन्त्याल परिवार संघ'को नाममा सम्वत् २०४९ (द.नं. ३६१/०४८/०४९)देखि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा संघसंस्था दर्ता ऐनमुताबिक आधिकारिक रूपमा दर्ता भएको थियो । पहिलो महाधिवेशनपश्चात् सम्वत् २०५२ मा जि.प्र.का. काठमाडौंबाट नै नाम परिवर्तन गरी 'नेपाल छन्त्याल संघ'को रूपमा यसले कार्य सम्पादन गरिरहेको छ । नेपाल सरकार समाज कल्याण ऐन, २०४९ अनुसार सम्वत् २०५२/०१/०३ देखि समाज कल्याण परिषद्मा आबद्ध समेत भएको छ । नेपाल आदिवासी जनजाति महासंघको स्थापना सम्वत् २०४७ को शुरूवाती चरणदेखि नै सदस्य संगठनको रूपमा यसको उपस्थिती र सक्रियता रहेको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ अनुसार सूचिकृत आदिवासी जनजातिहरूमध्ये 'छन्त्याल' पनि एक भएकोले प्रतिष्ठानको सञ्चालक परिषदको एक जना सदस्य सिफारिश गर्ने अधिकारसम्पन्न संस्थाको रूपमा समेत रहेको स्मरण गराउन चाहन्छौं ।

छन्त्यालहरूको सघन बसोबास भएका बागलुङ, म्याग्दी, कास्की, काठमाडौं, रूपन्देही, गुल्मी, दाङ र सुर्खेत जिल्लाहरूमा संघमातहत ८ वटा जिल्ला समितिहरु, ४ वटा क्षेत्रीय समितिहरु, ७० को हारहारीमा प्रारम्भिक समितिहरु र विद्यानतः गठित विभिन्न विभाग, समिति, उपसमितिहरु क्रियाशील छन् । केन्द्रीय स्तरका भातृ संगठनहरु : छन्त्याल युवा संघ, छन्त्याल महिला संघ, छन्त्याल विद्यार्थी संघ, छन्त्याल अनुसन्धान केन्द्र गरी ४ वटा छन् । रोजगार र अवसरका लागि स्थायी र अस्थायी रूपले रहेका संसारभरका विभिन्न विदेशहरूमा समेत छन्त्याल संघसंस्था वा संयन्त्रहरु क्रियाशील छन् । बेलायत, अष्ट्रेलिया, अमेरिका, दक्षिण कोरिया, जापान, बेल्जियम, पोर्तुगल, दुबईलगायतका युरोप र खाडी देशहरूमा छन्त्याल संस्थाहरु गठन भई कार्य गरिरहेका छन् ।

नेपालको इतिहासमा प्राचिनदेखि आधुनिक नेपालको खानी सञ्चालनको समयावधिसम्म खानी सञ्चालन गरेर छन्त्याल समुदायले करोडौं रूपैयाँको भेजा (कर) तिरेर राष्ट्र-राज्य निर्माणमा योगदान पुऱ्याउँदै आए । आफू भोकै, नाङ्गै भएर पनि राज्यको ढुकुटी सामार्थ्यवान बनाउन सधैं तल्लिन रहिरहे । खानी पेसासँगै कृषि, पशुपालन पेसा अङ्गालेका छन्त्यालहरु पछिल्लो समय विभिन्न पेसा व्यवसायसँगै वैदेशिक रोजगारतिर बढी आर्कषित छन् । सोबापतको 'रेमिट्यान्स'मार्फत राजस्व संकलनमा छन्त्यालहरूको पनि ठूलो योगदान रहेको कुरा यहाँ स्मरण गर्न गराउन चाहन्छु । छन्त्यालहरूले आफ्नो क्षमता र सामार्थ्यअनुसार राज्यका निम्ति गर्नुपर्ने सबै योगदान गरेका छन् । कुनै कसुर बाँकि राखेका छैनन् । तर राज्यबाट केबल विभेद, अपहेलित, बहिष्कृत, तिरष्कृत, सिमान्तकृत, पहिचानबिहिनबाहेक अरू केही पाएनन् । त्यसैले अब प्रश्न गर्ने बेला आएको छ । के छन्त्यालहरु कर मात्रै तिर्ने रैती थिए र हुन्? राज्य सञ्चालनको हकदार अहिलेसम्म किन हुन सकेनन्? त्यसको समिक्षा गर्दै अगाडि बढ्नु अहिलेको अहम् प्रश्न हो । रैती र जनताबाट माथि उठेर नागरिक हुनका निम्ति हरेक हिसाबले छन्त्यालहरु थप जागरूक हुन जरूरी छ । राजनीतिक, आर्थिक, शैक्षिक, प्रशासनिक, सामाजिकलगायत क्षेत्रको उच्च ओहदामा पुग्नका निम्ति छन्त्याल संघसंस्थाहरूले प्रभावकारी नीति, योजना, कार्यक्रमहरु बनाएर चरणबद्ध रूपमा अगाडि बढ्नु अहिलेको समयको अर्को माग हो ।

नेपालको भौगोलिक एकीकरणपश्चात् शुरू भएको आधुनिक राज्य व्यवस्थाले आदिवासी जनजातिहरूको भूमि, स्रोत, पहिचान, अस्तित्व, अधिकार, प्रतिनिधित्व, आदिवासीय जीविकोपार्जनको पद्धतिमाथि र राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा आर्थिक रूपले शोषण, दमन र विभेद अहिले २१ औं शताब्दीसम्ममा पनि जारी छ । त्यसकारण, नेपालको कूल जनसंख्याको ३७ प्रतिशतभन्दा बढी आदिवासी जनजातिहरूले राजनीतिक, सामाजिक, सांस्कृतिक, भाषिक, आर्थिक, धार्मिकलगायत मुद्धाहरु उठाएर लामो समयदेखि संगठित आन्दोलन गरिरहेका छन् । सम्वत् २०४६ को राजनीतिक परिवर्तनपछि नेपालको आदिवासी जनजाति आन्दोलन सशक्त सामाजिक आन्दोलनको रूपमा स्थापित छ । जनजाति आन्दोलनमा छन्त्याल आदिवासी जनजातिहरूले संस्थागत र वैयक्तिक दुवै तवरले योगदान पुऱ्याइरहेको समेत ज्ञात गराउन चाहन्छौं । २००७, २०४६, २०६२/६३ साललगायतका नेपालको हरेक राजनीतिक परिवर्तनहरूमा छन्त्याललगायत आदिवासी जनजातिहरूको ऐतिहासिक र निर्णायक भूमिका रहेको कुरा इतिहासबाट कदापि छिप्न सक्दैन । तर नेपाली राज्यले वर्ण, जाति, भाषा, धर्म, संस्कृति, क्षेत्र, लिङ्गकै आधारमा गोर्खा राज्यको बिस्तारसँगै शृङ्खलाबद्ध रूपले विभेद गऱ्यो र गरिरहेको छ । एक जाति (खस आर्य) एक भाषा (नेपाली), एक धर्म (हिन्दू), एक संस्कृति (हिन्दू)लाई मात्र नेपाली राज्यले काखी च्यापेर अरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपले बहिष्करण र हिन्दूकरणको नीति, कार्यक्रम तय गरी लागू गऱ्यो र अहिले पनि गरिहेको छ । संविधान, ऐन, कानून, नीति, नियमावली, निर्देशिका सबैसबैमा तथाकथित उच्च जातीय (खस आर्य)लाई नै कुनै न कुनै रूपले फाइदा पुग्ने गरी तय गऱ्यो र गरिरहेको छ । जसको मारमा छन्त्यालहरु पनि परे र परिरहेका छन् । नेपालको संविधान-२०७२ त्यसैको पछिल्लो पराकाष्ठा हो । आदिवासी जनजाति आन्दोलनले उठाएका मूलभूत मुद्धाहरूलाई छाडेर आंशिक रूपमा त्यो पनि जालझेल गरेर संविधानमा समेटिएको बहाना गर्दै सिङ्गो मुलुक र समग्र जनजातिहरूलाई भ्रम छर्न खोजिएको छ ।

अहिलेको परिस्थितीमा छन्त्याल संघ र यसको मातहत, भातृ र विदेशस्थित संस्थाहरु मूलभूत रूपमा गर्नुपर्ने कार्यभारहरूलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छः

- छन्त्याल जातिले तामाखानी खाएको/खनेको ताम्रपत्र, सुरूङका अवशेषहरु, छन्त्यालहरूका गाउँ/ठाउँको नामपछाडि 'खानी' शब्द जोडिनु र खानी बन्द भएको मेचबन्दीजस्ता प्रमाणहरूले प्राचिन समयदेखि विसं १९८१ सम्म तामाखानी चलाएको पुनःस्मरण गराउँदै छन्त्याल जातिको ऐतिहासिक थातथलो वरिपरिका गाउँ/ठाउँहरूमा अझै खानीका प्वाल/सुरूङहरु रहेकाले एकातिर राज्यले भविष्यमा खानीबारे अध्ययन गर्दा तथा सञ्चालन गर्दा सहज हुने र अर्कोतिर ग्रामीण पर्यटन प्रवर्द्धन पनि हुने भएकाले यस ऐतिहासिक महत्व र निधिलाई उत्खनन् गरी जगेर्णा, संरक्षण र व्यवस्थित गर्न

राज्य सरकारले अबिलम्ब नीति तथा कार्यक्रम बनाएर त्यसमुताबिक बजेट बिनियोजन गर्न छन्त्यालहरूसँग पूर्व स्वीकृति, जानकारी र मन्जुरी लिई आवश्यक प्रक्रिया थालिनुपर्ने,

- राज्यका हरेक निकाय/क्षेत्रहरूमा जातीय जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी संवैधानिक रूपले गरिनुपर्ने,
- छन्त्याल जातिजस्ता थोरै जनसङ्ख्या भएका अत्यन्तै थोरै सङ्ख्यामा रहेका, सीमान्तकृत, उत्पीडित र उपेक्षित जाति/समुदायका लागि विशेष व्यवस्थामुताबिक मानव विकास सुचाङ्कको आधारमा वैज्ञानिक र व्यवहारिक तवरको आरक्षण तथा सकारात्मक विभेदको कानूनी व्यवस्था गरिनुपर्ने,
- 'भाषा हराए, संस्कृति हराउँछ, संस्कृति हराए, एउटा मानव जाति/समुदाय नै हराउँछ' भन्ने वास्तविकतालाई मनन् गरी छन्त्याल जातिजस्ता अत्यन्तै अल्पसङ्ख्यक, सीमान्तकृत, उत्पीडित र उपेक्षित जाति/समुदायका इतिहास, भाषा, संस्कृति, संस्कारहरु लोपोन्मुख अवस्थामा पुगेकाले राज्यको तर्फबाट विशेष कानूनी व्यवस्था गरी कार्यन्वयनको प्रक्रिया अबिलम्ब थालिनुपर्ने,
- छन्त्यालहरूको सघन बसोबास भएका क्षेत्रका विद्यालयहरूमा छन्त्याल मातृभाषामा माध्यम र विषयको रूपमा पठनपाठनका लागि नेपाल सरकार र यससँग सम्बन्धित निकायहरूले आवश्यक बजेट अनिवार्य बिनियोजित गरिनुपर्ने, राज्य सरकारले विद्यमान कायम राज्यको एक भाषा नीतिलाई अन्त्य गरेर व्यावहारिक रूपमा नै बहुभाषिक नीतिलाई आत्मसात गरी छन्त्याल भाषालगायत सबै नेपालका भाषाहरूलाई विकास, उत्थान र संरक्षणका लागि अविलम्व ठोस गुरूयोजना बनाएर लागू गर्नुपर्ने,
- छन्त्याललगायत सबै मातृभाषालाई दीर्घकालिन रूपमा व्यवस्थित स्पले विकास गर्नका लागि बहुभाषिक विश्वविद्यालयको स्थापना हुनुपर्ने,
- आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी नं. १६९ र आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (२००७)को आधारमा छन्त्यालहरूको थातथलो खुलेका जल, जङ्गल र जमिनमाथिको अधिकारहरु सुनिश्चित गरिनुपर्ने, महासन्धी नं. १६९ र घोषणापत्र (२००७)को नेपाल पक्ष राष्ट्र भएकाले बाझिएका विद्यमान कानून, ऐन, नियमावलीलाई संशोधन गरी त्यसमुताबिक संवैधानिक र कानूनी व्यवस्था गरिनुपर्ने,
- छन्त्याल महिलाहरूमा रहेको जीवनपद्धतिसँग जोडिएको परम्परागत ज्ञान, सीप, कलालाई संरक्षण, सम्बर्द्धन र प्रबद्धनका लागि राज्य सरकारले ठोस नीति तय गरी अबिलम्ब लागू गर्नुपर्ने,
- छन्त्याल महिलाहरु (महिलाको रूपमा, आदिवासी जनजाति महिलाको रूपमा, छन्त्याल महिलाको रूपमा) दोहोरो-तेहेरो मारमा परेकाले उनीहरूको उत्थान, विकास, सशक्तिकरण आदिका लागि प्रभावकारी नीति र कार्यक्रम तय गरिनुपर्नेलगायत मूलभूत कार्यभारहरु नेपाल छन्त्याल संघले जोड्दार रूपमा उठाउनुपर्दछ ।
- त्यति मात्रै होइन, जनताको लामो सङ्घर्ष, बलिदान र त्यागले प्राप्त लोकतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशीता, पहिचान र अधिकारलाई केन्द्रबिन्दुमा राखेर उपर्युक्त मुद्धाहरु सुनिश्चितताका लागि घोषित संविधानसँग सम्बन्धित संविधान संशोधनमार्फत र ऐन, नियम, नीति, कार्यक्रमसँग सम्बन्धित सोही ढंगले सम्बोधन गरिनुपर्दछ । त्यसका लागि नेपाल छन्त्याल संघले आफ्नो क्षमता र हैसियतअनुसार उपलब्ध मञ्च, फोरम, भेला, बैठकहरूमा जोड्दार रूपमा उठाउनैपर्छ । आफ्ना विषयवस्तुहरु जोड्दार रूपमा नउठाएसम्म अरू कसैले उठाइदिने छैन । त्यसैले आजको २१ औं शताब्दीको युगमा आफ्नो जाति समुदायको पक्षमा निर्धक्कसाथ आफैले राख्न अपरिहार्य भएको छ । छन्त्यालसँग सम्बन्धित सवालहरु आफै राख्नुपर्ने कुरा इतिहासले प्रमाणित समेत गरिसकेको छ । इतिहासबाट शिक्षा लिदै वर्तमान परिवेशको आधारमा भविष्यका लागि नीति र कार्यक्रम तय गर्नु यतिबेला नेपाल छन्त्याल संघको ऐतिहासिक कार्यभार हो ।

संघको १ बर्षको कार्ययोजना वा कार्यक्रमहरूलाई संक्षिप्त रूपले निन्नानुसार उल्लेख गर्दछौं :

इतिहास

छन्त्याल जातिबारे सबभन्दा कमजोर पक्ष हो, साँचो ऐतिहासिक तथ्यको अभाव । यसो हुनुमा धेरै कारणहरु हुनसक्छन् । तर मूलतः आजसम्मका शासकहरूले इतिहासलाई एकतर्फी रूपमा आफ्नो पक्षमा प्रयोग गर्दै आए । अझ यसो भनौं देशको भूगोलभित्र अट्नसकेका जनताहरु नेपालको इतिहासका पानाहरूमा अट्न सकेनन् । आजसम्मका शासकहरूले इतिहासलाई एकतर्फी रूपमा आफ्नो पक्षमा प्रयोग गर्दै आएको मार छन्त्याल जातिले पनि खेप्नुपर्‍यो । जसले गर्दा छन्त्याल जातिका ऐतिहासिक तथ्यहरु कि त लोप भए कि त नासिने अवस्थामा छन् । तिनको लेखोट वा अभिलेखीकरण गर्ने काम सरकारले न आफ्नो दायित्व ठान्यो, न अहिलेको राज्य संरचनामा त्यसको अपेक्षा नै गर्न सकिन्छ । यसर्थ अहिलेसम्म मौजुद तथ्य र ज्ञानलाई लिपिबद्ध गरेर यो जातिको इतिहासलाई उत्खनन गर्ने कार्य अहिले अपरिहार्य बनेको छ ।

कुनै पनि जातिको वर्तमान जीवन त्यसको इतिहासको धाराबाट विच्छिन्न रहन भने सक्दैन । वर्तमान जीवनलाई आत्मसात् गर्न इतिहासका विविध राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक पक्षहरूलाई राम्रोसँग बुझ्नु अनिवार्य छ । त्यसरी नै छन्त्याल जातिको इतिहासको शृङ्खला पनि अटुट रूपमा बगिरहेको छ । फरक यत्ति हो, लिखित इतिहासको पाना र सन्दर्भ सामग्रीहरूमा लिपिबद्ध हुनसकेन । छन्त्यालसँग सम्बन्धित आंशिक रूपमा लेखिएका कतिपय विषयवस्तुहरु पनि भरपर्दो र तथ्यमा आधारित भएको देखिँदैन । छन्त्याल जातिका ऐतिहासिक, सामाजिक, सांस्कृतिक, भाषिक, पहिचान लगायत विषयवस्तुहरूको गहनतम् अध्ययन-अनुसन्धानको कमी रहेको छ । जसको परिणामस्वरूप छन्त्याल जातिको विविध पक्षमाथि व्यक्त गरिएका हलुका अभिव्यक्ति र लेखनहरूले भ्रम सिर्जना गरेको देखिन्छ । र कुनै न कुनै रूपमा समुदायको पहिचानमाथि नै प्रहारसमेत भएको छ । अतिरञ्जित भ्रमहरूलाई चिर्न र सत्य-तथ्य स्थापित गर्न छन्त्याल जातिसँग जोडिएका हरेक विषयवस्तुहरूलाई अनुसन्धान पद्धतिमा आधारित भएर केस्रा-केस्रा केलाउन जरूरी छ । सभ्यता निर्माणको चरणदेखि अहिलेसम्म पनि छन्त्याल जातिको पहिचान नेपालभित्रै पनि उति धेरै चर्चाको विषय बन्न सकेन । यो जातिको पहिचानका आयाम इतिहासका विषय बनेनन् । बरू समुदायको पहिचानमाथि नै प्रहार गरिए, र कतिपय अनुसन्धाताले समेत वास्तविक तथ्यमा नटेकी यो जातिका बारेमा ब्याख्या गर्दा भ्रम सिर्जना भएका छन् । त्यसलाई चिर्ने र जातिको पहिचानका तथ्यहरूलाई उजागर गनुपर्ने अपरिहार्यता भएको छ । इतिहास, भाषा, पहिचान, तामाखानीसँग सम्बन्धित भएर गहिरो अध्ययन हुन जरूरी छ ।

आदिवासी जनजातिहरूको इतिहास लेख्य भन्दा बढी मौखिक हुन्छ । लिखितको अभावले गर्दा कुनै पनि जाति र सभ्यताको अन्त्य हुन्छ । त्यसैले छन्त्यालहरूको उत्पत्ति र विकासक्रमको अध्ययन गरी इतिहास तयार गरिनेछ । यसका लागि छन्त्यालहरूको पुर्ख्यौली बसोबास स्थानको अवलोकन तथा अध्ययन भ्रमण, अन्तरक्रिया, संवाद र हालसम्म प्रकाशित पुस्तक, दस्तावेज आदिको अध्ययन गरिनेछ । साथै सम्भव भएसम्म इतिहासका अन्य आधारहरूलाई पनि समावेश गरिनेछ । छन्त्यालको पुर्ख्यौली पेशा खानीसम्बन्धी इतिहासलाई अध्ययन गरी समावेश गरिनेछ । इतिहास तयारीका लागि संस्थागत सहित राज्यको स्रोत साधनको पनि परिचालन गर्न पहल गरिनेछ । जसको लागि यस नयाँ कार्यसमितिले इतिकास खोजको कार्य थालनी गर्दैछ । रोकिएका प्रकाशनहरू प्रकाशन गर्ने छ र हरेक बर्ष मुखपत्र प्रकाशन गर्नेछ ।

मातृभाषा र लिपि

राज्यको विभेदपूर्ण भाषा नीतिले छन्त्याल भाषा किनारामा छ । वक्ताको सङ्ख्यामा कमी हुँदै गएको छ । त्यसैले मातृभाषा संरक्षण, सर्म्बद्धन तथा विकासका लागि छन्त्याल भाषाको शब्दकोष, व्याकरण, पाठ्यपुस्तक, साहित्यक पुस्तक र पत्रिकाहरु प्रकाशित गरिनेछ । भाषा वक्ता वृद्धि गर्न तथा भाषा बोल्ने र नबोल्ने बीचको अन्तर कम गर्नका लागि पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सहयोगी पुस्तकसँगै भाषा शिक्षक तयार गरी छन्त्याल गाउँहरूमा मातृभाषामा अनौपचारिक शिक्षा (प्रौढ कक्षा) सञ्चालन गरिनेछ । त्यसैगरी सम्भव भएका छन्त्याल बस्तीको विद्यालयहरूमा मातृभाषामा कम्तीमा पनि प्राथमिक तहसम्म छन्त्याल भाषामा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न प्रयास गरिनेछ । भाषाको

दीर्घकालिन रूपमा पहिचानसहित विकास गर्न भाषाको लिपिको विकास गर्न खोज र अनुसन्धान गरिनेछ । अध्ययन अनुसन्धानका लागि नेपाल सरकारको विभिन्न निकाय, दातृसंस्था विज्ञ तथा व्यक्तिहरूको सहयोग पनि लिन सकिनेछ । भाषिक विभेद अन्त्यका लागि विभेदमा परेका अन्य समुदायसँग समन्वय गरी राज्यसँग पहल गरी भाषा नीति सुधार तथा परिवर्तनका लागि कार्यक्रम गरिनेछ ।

धर्म, संस्कार र संस्कृति

राज्यको विभेदमा परेको छन्त्यालको पहिचानको आधार छन्त्याल संस्कार, संस्कृति संरक्षण गर्न अति आवश्यक रहेको छ । छन्त्याल जातिको पुर्ख्यौली र परम्परागत धर्म, संस्कार र संस्कृतिको अुनसन्धान गरिनेछ । अनुसन्धान पछि प्राप्त प्रतिवेदनको आधारमा छन्त्यालभित्र देखिएको संस्कारगत विविधतालाई एकरूपता ल्याउनका लागि देश भरिका छन्त्याल बस्तीहरूमा संघले मातहतका समितिद्धारा कार्यन्वयनका लागि प्रयास गरिनेछ । छन्त्याल जातिको संस्कृतिलाई सरक्षण र सम्बर्द्धन गर्नका लागि जनचेतनामूलक कार्यहरु गर्नुको साथै मान्दै आएका चाडपर्व र भएका संस्कृति, चलन, परम्परालाई भिडियो तथा लिपीमा अभिलेखीकरण गरिनेछ । देशमा विद्यमान धार्मिक, सांस्कृतिक विभेद अन्त्यका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

शिक्षा

छन्त्याल जातिको शैक्षिक स्तिथिमा अझै अपेक्षाकृत रूपमा सुधार गर्न सकिएको छैन । शैक्षिक सुधारका लागि छन्त्याल बालबालिकाहरूलाई प्राथमिक स्तरसम्म मातृभाषामा अध्ययन गर्न र विद्यालय भर्नाका लागि उत्प्रेरित गरिनेछ । साथै जेहेन्दार छन्त्याल छात्र छात्राहरूलाई स्वदेशमा विभिन्न तहमा र विदेशमा अध्ययन गर्नका लागि छात्रवृति कोष स्थापनाको पहल गरिनेछ । जसको लागि यस बर्षमा नै दुईलाख भन्दा माथिका कम्तीमा ५ वटा अक्षयकोष निर्माण गर्ने योजनामा संघ लागिसकेको छ । पुस्तकालय स्थापना र शैक्षिक क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगका लागि जोड दिइनेछ । बहुभाषिक विश्वविद्यालय स्थापना, सरकारी काम काजमा बहुभाषा प्रयोगको लागि अन्य संघसंस्था र महासंघसंग समन्वय गरी कार्य गरिनेछ ।

आर्थिक

छन्त्याल जातिको आर्थिक निर्वाहमुखी कृषि पेशा आधारित रहेको छ । जसले गर्दा छन्त्यालहरूको आर्थिक अवस्थामा समयानुकुल सुधार हुन सकेको छैन । त्यसैले यस जातिको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि कृषि प्रणाली व्यावसायीकरण, वन पैदावरको प्रयोग, घरेलु उद्योग स्थापना, विभिन्न पेशा व्यवसाय सञ्चालन र अन्य आय आर्जनका कार्यहरूलाई विशेष प्रोत्साहन दिइनेछ । स्थानीय बस्तु, सीप, ज्ञान, प्रविधि प्रयोग गरी उत्पादन गरिएका सामानहरूलाई ग्राहयता दिइनेछ । कृषि व्यवसायीकरणका लागि राज्यले विभिन्न निकायहरूबाट व्यवस्था गरेको स्रोत साधनलाई प्राप्त र परिचालन गर्न अधिकतम प्रयास गरिनेछ ।

सङ्गठन

छन्त्यालको भाषा, संस्कृति, संस्कार, इतिहास संरक्षण गर्न, हक, अधिकार स्थापित गर्न, संघको नीति, कार्यक्रम कार्यान्वयन गर्न र आवश्यकताअनुसार विभिन्न तहमा भएका समितिहरूलाई परिचालन गरिनेछ । साथै समितिहरूको पुनर्गठन, नयाँ बस्तीमा समिति गठन कार्यलाई निरन्तरता दिइनेछ । सङ्गठन सुदृढिकरणका लागि क्षमता विकास, नेतृत्व विकासलगायत विविध विषयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । संघको नीति, कार्यक्रम र जातिको प्रथाजनित कानुन कार्यान्वयन र सांस्कृतिक र संस्कारगत विकृति हटाउन सङ्गठनलाई बलियो बनाइनेछ । प्रारम्भिक समिति, क्षेत्रीय जिल्ला समिति, भातृ सङ्गठन, विदेशस्थित संघहरु र केन्द्रको सङ्गठनात्मक सम्बन्ध बढाइनेछ । यस बर्ष देखि प्रत्येक जिल्लामा गाउँतहसम्म पहुँच पुग्ने गरी सांगठनिक प्रशिक्षणका कार्यक्रमहरू संचालन गरिने छ । बिशेष गरी यस बर्ष स्थानीय निर्वाचन हुने भएको हुँदा छन्त्याल जातिको धेरै भन्दा धेरै प्रतिनिधित्व गराउनको लागि प्रशिक्षण अत्यन्त जरूरी ठानीएको छ ।

नयाँ संविधान, राज्यको पुनर्संरचना, संघीयता र छन्त्याल स्वायत्त क्षेत्र

लोकतान्त्रिक आन्दोलन २०६२/६३, दश वर्षे सशस्त्र संघर्ष, आदिवासी जनजाति आन्दोलन, मधेस विद्रोह, पहिचानजनित आन्दोलनको जगमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, धर्मनिरपेक्षतालगायत मूलभूत मुद्धाहरु स्थापित गर्‍यो र दई/दुईवटा संविधान सभाको निर्वाचन समेत भयो । मूलभूत उपलब्धीहरु अझै सही ढंगले व्यवस्थापन हुन सकिरहेको छैन । पहिलो संविधानसभाले संविधान जारी गर्न असफल रह्यो र दोस्रो संविधानसभाले एक थान संविधान त दियो तर विभदेमा पारिएका आदिवासी जनजाति, मधेसी, दलित, महिला, धार्मिक अल्पसंख्यक, भाषिक, क्षेत्रगत उत्पीडनमा पारिएका जनताका लागि विभेद अन्त्यको सुनिश्चितताको गुन्जायस दिन सकेन । बरू थप विभेद सुनिश्चतताको सजिलो बाटो कोर्‍यो । संविधान जारीको वरिपरी समयदेखि नै विरोधका स्वरहरु सशक्त भए । विरोधका स्वरहरूकै बीचमा संविधान जारीपश्चात् मूलभूत रूपमा तीनवटा अन्तरवस्तुहरु बहसमा आए । पहिलो, यो संविधान सर्वोतकृष्ट छ । दोस्रो, यो संविधान पूर्ण रूपमा खारेज हुनुपर्छ । र तेस्रो, संविधान पुनर्लेखन तथा संशोधन हुनुपर्छ । संविधानसँग जेलिएका मूलभूत उपर्युक्त विषयवस्तुहरूबारे बिस्तृतमा यहाँ छलफल गर्न खोजिएको छैन । केबल नेपालको आदिवासी जनजाति आन्दोलनले अहिलेको परिस्थितीमा संविधान संशोधनलाई प्रमुख मुद्धा बनाएकाले छन्त्याल पनि जनजाति आन्दोलनको एक हिस्सेदार सदस्य संगठन हुनुको हैसियतले हामी छन्त्यालहरूको सरोकार संविधानसँग जोड्न र त्यसबारे बहस पैरवी गर्न जरूरी छ । त्यसैले जनजाति आन्दोलनसँग छन्त्यालहरूको सवालहरु कुनै न कुनै रूपले जोडिएकाले यतिबेला छन्त्याल आदिवासी जनजातिको आन्दोलन, बहस पैरवी, छलफल, नीति र कार्यक्रम संविधान संशोधनसँग पनि केन्द्रित हुन जरूरी छ ।

समुदायगत रूपमा हेर्दा आदिवासी जनजाति र मधेसीले घोषित संविधानलाई सबैभन्दा बढी स्वीकार्न सकेन । विभेद काममै भएको संविधान स्वीकार्ने कुरा थिएन र छैन पनि । त्यसैले यतिबेला अन्तरिम संविधान, पहिलो संविधानसभामा सहमति भएका अन्तर्वस्तुहरु, जनजाति आन्दोलन र पहिचानजनित आन्दोलनहरूसँग भएका सम्झौता र सहमतिको आधारमा संविधान संशोधनमार्फत विभेदकारी धाराहरु सच्याइनुपर्ने मुद्धा आदिवासी जनजाति आन्दोलनको प्रमुख मुद्धा भएको छ । जुन कुरा स्वभाविक पनि हो । संविधान नै मूल कानून भएकोले संविधान नै विभेदमुक्त नभएसम्म विभेदरहित र समानतामा आधारित समाज निर्माण हुन सक्दैन । आदिवासी जनजाति आन्दोलनको एउटा जिम्मेवार घटक सदस्य संगठन हुनुको हैसियतले नेपाल छन्त्याल संघले हिजोदेखि उठाउँदै आएको प्रमुख माग ऐतिहासिक छन्त्याल स्वायत्त क्षेत्रको पक्षमा संविधान संशोधनमार्फत सुनिश्चिताका लागि जोड्दार रूपले उठाउनु अहिलेको महत्वपूर्ण कार्यभार हो । छन्त्याल हित, उत्थान, विकास र उन्नतिको खातिर भोलिका सन्ततिका लागि समय र परिस्थितीअनुरूप हिम्मतका साथ आफ्नो विषयवस्तुहरु उठान गर्न सक्नुपर्दछ ।

पहिलो संविधानसभा अन्तर्गत राज्य पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र अन्तरिम संविधान- २०६३ को धारा १३८ (२) अनुसार र तत्कालीन नेपाल सरकारद्वारा गठित राज्य पुनःसंरचान उच्चस्तरीय आयोगले क्रमशः १४ र १० वटा संघीय प्रदेशको प्रस्ताव गरेको थियो । यसमा मगराँत प्रदेशभित्र विशेष संरचना अन्तर्गत छन्त्याल शासित स्वायत्त क्षेत्रको प्रस्ताव गरिएको थियो । दोस्रो संविधानसभाको गठन भएपछि पनि बहिष्करणमा पारिएका अल्पसंख्यक, लोपोन्मुख तथा सीमान्तकृत समुदायको विशेष, संरक्षित वा स्वायत्त क्षेत्र बन्ने चर्चा चलेको थियो । त्यसले छन्त्यालजस्ता समुदायमा पनि झिनो आसा थियो । संविधानमै सामाजिक, सांस्कृतिक संरक्षण र आर्थिक विकासका लागि अल्पसंख्यक समुदायको सघन बसोबासका आधारमा विशेष, संरक्षित र स्वायत्त क्षेत्रहरु निर्माण गर्न सकिने उल्लेख भएपछि अल्पसंख्यक तथा सीमान्तकृत समुदायका मानिसहरु उत्साहित हुनु अन्यथा थिएन र होइन पनि । तर, संविधानबमोजिम गठन गरिएको स्थानीय तह पुनर्संरचना तथा विशेष क्षेत्र निर्धारण आयोगले तयार पारेको मापदण्डअनुसार भने अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सामाजिक, सांस्कृतिक संरक्षणका लागि विशेष तथा संरक्षित क्षेत्रहरु बन्न नसक्ने स्पष्ट देखियो । आयोगले अल्पसंख्यक छन्त्यालजस्ता आदिवासी जनजातिहरूको स्वायत्त क्षेत्रविहिन प्रतिवेदन पेस गर्न गइरहेको छ । जसले गर्दा अल्पसंख्यक समुदायको राजनीतिक अधिकारसहितको पहिचानमा आधारित

ऐतिहासिक स्वायत्त क्षेत्र निर्माण हुने सम्भावना त लगभग तरी नै सकेको अवस्था छ । जसले गर्दा, छन्त्यालहरूको सघन जनसांख्यिक 'कलस्टर'लाई नबिगारीकन एउटै राजनीतिक प्रशासनिक इकाईमा रहोस् भन्ने चाहनामाथि बज्रपात भएको छ । गाउँपालिका, नगरपालिकालगायत स्थानीय तहको सिमाङ्कन गर्दा समेत छन्त्यालहरूको जनसंख्यालाई खण्डीकृत गरिएको छ । छन्त्यालहरूका लागि पहिचान र प्रतिनिधित्व सुनिश्चितता गर्न छन्त्याल स्वायत्त क्षेत्रको माग प्रमुख मुद्धा हो । त्यसैले, राजनीतिक प्राप्ति नै प्रमुख सवाल भएकाले छन्त्याल आदिवासी जनजातिको समग्र ध्यान पहिचान, अधिकार र छन्त्याल स्वायत्त क्षेत्रको पक्षमा हुन थप जरूरी छ । घोषित संविधान संशोधन गरेर 'छन्त्याल' आदिवासी जनजातिजस्ता अल्पसङ्ख्यक, सीमान्तकृत, उत्पीडित र उपेक्षित जाति/समुदायको पहिचान र अधिकार मौलिक अधिकारको रूपमा नै संवैधानिक व्यवस्था गरिनुपर्दछ भने त्यस सँगसँगै संघीयतामा आधारित राजनीतिक-प्रशासनिक इकाईहरु निर्माण गर्दा विशेष संरचनाअन्तर्गत छन्त्याल स्वायत्त क्षेत्रको संवैधानिक व्यवस्था गरी छन्त्यालहरूको स्वायत्तता र स्वशासनको चाहनालाई ग्यारेन्टी गरिनुपर्दछ ।

जनजाति आन्दोलनले स्थापित गरेका मूल्य र मान्यताहरूलाई पुरापुर समर्थन गर्दै विद्यमान उठाइएका सवालहरूलाई नैतिक, भौतिक, आर्थिक आदि रूपले संस्थागत तर्फबाट सहकार्य गर्न र हिस्सेदार बन्न कदापि चुक्न हुदैन । पहिचानमा पनि जातीय, भाषिक, सांस्कृतिक र ऐतिहासिक निरन्तरता प्रमुख आधारहरु हुनुपर्दछ । पहिचानको आधारमा संघीय राज्य बनाउँदा छन्त्याल जातिको ऐतिहासिक थातथलो र बसोबासको निरन्तरता खुल्ने 'छन्त्याल विशेष स्वायत्त क्षेत्र'को राजनीतिक-प्रशासनिक इकाई स्थापित गर्न देश विदेशमा रहेका सबै छन्त्यालहरूको एक मत हुन जरूरी छ । संविधानमा हाम्रो अधिकार निश्चित गर्न, छन्त्याल विशेष स्वायत्त क्षेत्र स्थापना गर्नका लागि छन्त्याल, गैरछन्त्याल, जनप्रतिनिधि तथा पदाधिकारीहरूसँग विभिन्न तहमा अन्तरक्रिया, संवाद, छलफल कार्यक्रम सञ्चालन गरिनेछ । राजनीतिक दल, विभिन्न जातीय संघसंथा, महासंघलगायत सबै सरोकारवालाहरूसँग विभिन्न तहमा अन्तरक्रिया, संवाद, छलफल कार्यक्रम सञ्चालन गरिनेछ । छन्त्यालको हक, अधिकार स्थापना गर्न समेत डेलिगेसन, दबाबमूलक कार्यक्रम र आवश्यकताअनुसार चरणबद्ध रूपमा आन्दोलनका कार्यक्रम तय गरिनेछ ।

प्राकृतिक स्रोतसाधन

आदिवासी जनजाति अधिकारसम्बन्धी महासन्धी आईएलओ नं. १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र-२००७ लगायत विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय कानुन, प्रथाजनित कानुनको आधारमा छन्त्याल जातिले परापूर्वकालदेखि भोग चलन गरेका र गर्दै आएका सबै प्राकृतिक स्रोत साधन (जल, जङ्गल, जमिन, आकाश, जैविक बस्तु आदि) छन्त्यालको स्वामित्वमा हुनुपर्छ । प्राकृतिक स्रोत साधनको परिचालन, व्यवस्थापन र संरक्षण गर्नु हाम्रो अधिकार, कर्तव्य र दायित्व हुनेछ । प्राकृतिक स्रोत र साधनको परिचालन, उपयोग, व्यवस्थापन र संरक्षणका लागि केन्द्र, विभिन्न समिति र ग्रामीण बस्तीका छन्त्यालहरूबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

परम्परागत खेल, सीप, प्रविधि र साधन

छन्त्यालको परम्परागत ताराखेलसहित अन्य सबै खेलहरूलाई निरन्तरता दिनुका साथै संरक्षण र संम्बर्द्धन गरिनेछ । खेलको विकास गर्न संघको सबै तहबाट आवश्यक कार्यक्रम तयार गरी सञ्चालन गरिनेछ । परम्परागत सीप, प्रविधि र साधनहरूको प्रयोगमा जोड दिनुका साथै तिनीहरूको सङ्कलन, दस्तावेजीकरण र संरक्षण गरिनेछ ।

कार्यालय ब्यवस्थापन

नेपाल छन्त्याल संघको कार्यालयको स्थिति हेर्दा भित्र दयनीय अवस्था छ । अध्यक्ष, महासचिव, कोषाध्यक्षको कार्यकक्ष वा टेवल कुर्सी छैन । जनतन कार्यालय सहायकको कार्यकक्षबाट कार्य सञ्चालन भईरहेको अवस्था छ । बैठक हल ब्यवस्थित छैन त्यसै कारण अन्य जातिका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न अलि लाजमर्दो अवस्था छ । किनकी भवन र जग्गाको बाहिरी समीकण हेर्दा समृद्ध देखिए पनि

भित्रको स्थिति अर्कै छ । त्यसैले कार्यालय व्यवस्थापन गरेर नेपाल आदिवासी जनजाति महासंघको बैठक समेत हाम्रो संस्थाको बैठक हलमा सञ्चालन गर्न आह्वान गर्ने विशेष योजना हो । अन्य जातीय संस्थाका प्रतिनिधि तथा आदिवासी जनजातिका नेताहरूलाई आमन्त्रण गर्दा राख्ने तथा उनीहरूसँग कार्यकक्षमा बसेर भलाकुसारी गर्ने आवश्यक पूर्वाधार नहुँदा कता बसाउने, कसरी बसेर कुरा गर्ने अदिजस्ता समस्या भोग्नु पऱ्यो । त्यसैले कार्यालयको कार्य विभाजन गरी कार्यालय व्यवस्थित गरेर, सम्पूर्ण कार्यालयमा भएका दस्तावेजहरूलाई ब्यवस्थित समेत गर्ने योजना रहेको छ । अब सबै छन्त्याल र अन्य मानिसहरू नेपाल छन्त्याल संघको भवन भित्र प्रवेश गरिसके पछि कुनै व्यवस्थित कार्यालयमा प्रवेश गरेको महशुष गर्नेछन् भन्ने हामी नयाँ कार्यसमितिको योजना हो ।

संघको कोष सञ्चालन

नव निर्वाचित केन्द्रीय समितिको मुख्य एजेण्डा आर्थिक पारदर्शि नै हो । जसको लागि शुरूवात देखि नै आर्थिक पारदर्शि बनाउन विशेष कार्य थालनी भै सकेको छ । संस्थाको हिसाव देहोरो लेखाप्रणालीमा भौचर उठाई राख्न थालिएको छ । भने आम्दानी खर्च बैंकिङ्ग प्रणालीबाट गर्ने कामको शुरूवात भएको छ । जसको लागि ठूला रकम टेन्डरबाट पास गर्ने र रू. ५०००। भन्दा माथिको रकम भूक्तानी चेकबाट गर्ने कार्य थालनी समेत भएको हुँदा अव आउने बार्षिक राष्ट्रिय सम्मेलनमा लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेन नै प्रस्तुत तथा पास गरिने छ ।

विविध

संघले प्राकृतिक तथा दैवीप्रकोप, आकस्मिक घट्ना दुर्घटनाका लागि राहत कोष, पुरातात्विक वस्तु सङ्कलन गरी सङ्ग्राहलय स्थापना, विभिन्न सञ्चार माध्यमबाट छन्त्याल जाति र संघको गतिविधिको प्रचार प्रसार, पुस्तक प्रकाशन, प्रकाशनको अनुमति, आवश्यक तथ्याङ्क संकलन र संघको उद्देश्य पूरा गर्न सबै कार्य गरिनेछ । आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणपत्र-२००७ र आदिवासी जनजाति अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ लगायत आदिवासीसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनको कार्यन्वयन गर्न विभिन्न कार्यक्रम गरिनेछ । अन्य आदिवासी जनजातिका संघसंस्था, नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र अन्तर्राष्ट्रिय आदिवासीसँग सम्बन्धित संस्था, फोरम आदिसँग समन्वयात्मक र सुमधुर सम्बन्ध कायम गरी आवश्यक सहकार्य गरिनेछ ।

अन्तमा, छन्त्यालहरु शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक रूपले सबल र सक्षम बन्नका लागि संघले ठोस नीति र कार्यक्रम तय गर्नु नै अहिलेको अहम् कार्यभार हो । दुःखसाथ भन्नैपर्छ, बाहुनवादी शासकका कारण छन्त्याललगायत नेपालका समग्र आदिवासी जनजातिहरूमा राजनीति, राज्य सञ्चालनप्रति एकखाले वितृष्णा पैदा भएको देखिन्छ । छन्त्याललगायत आदिवासी जनजातिहरु राजनीतिक, सामाजिक क्षेत्रबाट कदापि अलग हुनु हुँदैन । छन्त्याल संघमा राजनीति गर्ने थलो बनाइनु हुँदैन भन्ने कुरा सबै प्रष्ट छौं । कुनै पनि राजनीतिक दलको नीति र कार्यक्रम छन्त्याल संघमा लागू गर्न खोज्ने होइन कि छन्त्याल जातिको हितको लागि संघको नीति र कार्यक्रम सम्बन्धित राजनीतिक दलमा लागू गर्न सक्ने दिशातिर छन्त्यालहरु अघि बढ्नुपर्छ ।

खेती गर्न जानेनौ भने एक वर्ष दुःख पाउँछौं तर राजनीतिक गर्न जानेनौ भने सयौं, हजारौं वर्ष दुःख पाउँछौं भन्ने यो महान राजनीतिक दर्शनले पनि राजनीतिदेखि अलग बस्ने मान्यतालाई गलत साबित गर्दछ । हरेक निर्णय प्रक्रियामा राजनीति नै केन्द्र र निर्णायक नीति भएकोले शक्ति प्राप्तीको खेलदेखि अलग भएर अब बस्न हुँदैन । छन्त्यालहरु आर्थिक रूपले सबल र सम्पन्न, शैक्षिक रूपले उच्च शिक्षा हासिल, सामाजिक रूपले प्रतिष्ठित र राजनीतिक रूपले निर्णायक तहमा पुग्ने बाटो तय गर्न जरूरी छ । अब छन्त्याल संघले राजनीति आफैमा खराब होइन राजनीतिक पात्रहरु खराब हुन् र हुन सक्छन् भन्ने यथार्थतालाई समायमा नै बोध गर्दै सम्पूर्ण छन्त्याललगायत आदिवासी जनजातिहरूलाई हामीजस्ता अभियान्ताहरूले आह्वान गर्नैपर्छ । तर पनि जहिले पनि पार्टीभन्दा जाति ठूलो भन्ने महानतम विचारका

साथ छन्त्याल संघ र छन्त्याल जातिका लागि त्याग, योगदान र कार्य गरौं । त्यसका लागि हाम्रो एकताले मात्र हाम्रो मुक्ति सम्भव छ र हरेक कुरा सम्भव छ । आ-आफ्नो ठाउँबाट गम्भीर भएर सोँचौ र स्मरण गरौं, फुटे हामी लड्छौं तर जुटे हामी उठ्छौं यही नै अग्रज पित्रीहरूप्रतिको सम्मान हो ।

त्यसैले फुटेर होइन जुटेर हाम्रो संस्था र समाजलाई हामीले नै उठाउनु छ । आउनुस् हातेमालो गरौं, संघलाई आवश्यक परेको आर्थिक तथा भौतिक सहयोगमा जुटौं । हामीले नगरे कस्ले गर्ने, अहिले नगरे कहिले गर्ने ।

यस बर्षको बार्षिक कार्ययोजना तथा अनुमानित बजेट

क्र.स.	क्रियाकलपहरू	रकम
१	कार्यलय व्यस्थापन	१९५,०००
२	बैठक खर्च	६०,०००
३	टेलिफोन र बिजुली बिल	६७,५००
४	लेखापरिक्षण	१५,०००
५	वेबसाइट	३०,०००
६	मर्मत तथा विविध	२५,०००
७	स्टेशनरी	२०,०००
८	कर्मचारी तलब	१११,८००
९	चन्दा दान	५०,०००
१०	संस्था नविकरण,विधान प्रमाणिकरण तथा करछुटको स्वीकृति लिने (भवन तथा भूमी कर ३ आ.व. को बाँकी रहेको)	७५०,०००
११	क्यालेन्दर प्रकाशन	३५,०००
१२	स्मारीका तथा विधान प्रकाशन	८०,०००
१३	छन्त्याल इथ्नोग्राफि प्रकाशन	
१४	छन्त्याल मुखपत्र	५०,०००
१५	पुस्तकालय व्यास्थापन	५०,०००
१६	प्रत्येक जिल्लामा प्रशिक्षण कार्यक्रम संचालन	३४६,२००
१७	छन्त्याल जातिको जनसंख्या संकलन	२५,०००
१८	ऐतिहाँसिक सम्पदा (खानी) संरक्षण	५०,०००
१९	लोपन्मुख संस्कृतिको अभिलेखिकरण तथा नयाँ पुस्तामा हस्तान्तरण गर्न उत्प्रेरणा दिने	५०,०००
२०	संस्कृतिको अध्ययन,अनुशन्धान गरि अभिलेखिकरण तथा एकरूपता ल्याउने	१५०,०००
२१	कम्तिमा ५ वटा रू २ लाख भन्दा माथिको अक्षयकोष बनाउने	
२२	प्रतिवेदन तथा प्रतावना तालिम कार्यक्रम	
२३	साउने संक्रान्तिको अवसरमा चाडको महत्वको विचारविमर्श	५,५००
२४	भाषा प्रशिक्षण पुस्तक निर्माण	५०,०००
२५	राष्ट्रिय सम्मेलन	३००,०००
२६	संग्रहालय व्यास्थापन	५०,०००
२७	माघे मेला	१५०,०००
	जम्मा	**२,७१६,०००**

धन्यवाद । जय छन्त्याल ।।